# जिल्ला समन्वय समितिको कार्यालय, रामेछाप
## मन्थली
## ३ नम्बर प्रदेश, नेपाल

# शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. ११/२०७३/७४
(प्रथम पटक प्रकाशित सूचना मिति २०७४/०२/२६)

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६, (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार यस जिल्ला समन्वय समितिले उठाउन पाउने कर, दस्तुर, सेवा शुल्क २०७४ साल श्रावण १ गतेदेखि २०७५ आषाढ मसान्तसम्मको लागि जिल्ला राजश्व परामर्श समितिको मिति २०७४/०२/२२ को शिफारिशमा ढुंगा, गिट्टी, वालुवा तोकिएको स्थानवाट संकलन र कृषिजन्य, वनजन्य, पशुजन्य, वस्तुहरुको निकासी कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद-६ को नियम १६७ को उपनियम ४(घ) बमोजिम सोही प्रयोजनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले स्थायी लेखा नम्वर (पान) लिएका इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तोकिएको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. ढुंगा, गिट्टी, वालुवाको लागिः

| सि.नं. | प्याकेज नंम्बर | ठेक्काको क्षेत्र | संकलन गर्न पाउने अधिकतम परिमाण | जिल्ला परिषद्बाट स्वीकृत दररेट | शिलवन्दी बोलपत्र खरिदको अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | १५/जिसस रामेछाप-२०७३/७४ | सुनकोशीको लुभुघाटदेखि खुर्कोट पूल आसपास सम्म | ३ लाख ३१ हजार ९५० घन फिट | प्रति घनफिट रु. २।- (रु. दुई) (मु.अ.कर वाहेक) र रु.०।५० पैसा वातावरण शुल्क | २०७४/०३/०९ |
| २. | १६/जिसस रामेछाप-२०७३/७४ | खिम्ती खोलाको ठोसे एक्कामफेदीदेखि चुचुरेको भाक्रीटोल सम्म | १ लाख ५४ हजार ९१० घन फिट | | २०७४/०३/०९ |
| ३. | १७/जिसस रामेछाप-२०७३/७४ | क) तामाकोशी नदीको सुकाजोर दोभान, कुनौरी आसपास भन्दा मूनिदेखि सेलेघाट त्रिवेणीसम्म<br>ख) रणजोर खोलाको सिम्ले सालु दोभानदेखि खादँबारी रणजोर खोला सम्म<br>ग) सुकाजोर खोलाको सुकाजोर र छेरवा खोला दोभान देखि तामाकोशी नदी किनार सम्म | १७ लाख २६ हजार १४० घन फिट | | २०७४/०३/२४ |

**२. कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य वस्तुको लागि लाग्ने कर सम्बन्धि दररेट जिससको website www.ddcramechhap.gov.np मा हेर्न सकिनेछ।**

**शर्त तथा बन्देजः-**

१. ढुङगा, गिट्टी, वालुवा, कृषि जन्य एवम् पशुजन्य सामानहरुको आ.व. २०७४/७५ का लागि ठेक्काको कूल न्यूनतम रकम मुअकर वाहेक तपशिल अनुसार कायम गरिएको छ।

| सि.नं. | प्याकेज नंम्बर | ढुङगा, गिट्टी, वालुवाको श्रोत उपभोग कर | अन्य निकासी कर | कूल जम्मा न्यूनतम रकम | वोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | १५/जि.स.स रामेछाप-२०७३/७४ | ७ लाख ५० हजार | ५० हजार | ८ लाख मात्र | १०००।- |
| २. | १६/जि.स.स रामेछाप-२०७३/७४ | ३ लाख ५० हजार | १ लाख ५० हजार | ५ लाख मात्र | १०००।- |
| ३. | १७/जि.स.स रामेछाप-२०७३/७५ | ३९ लाख | २ लाख | ४१ लाख मात्र | ३०००।- |

२. इच्छुक योग्य बोलपत्रदाताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै बुझाई सक्कल नगदी रसिद साथ फर्मको हकमा आ.ब. २०७३/७४ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७२/७३ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि र सक्कल अख्तियारी नाम वा व्यक्तिको हकमा स्थायी लेखा नं. को प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी बोलपत्र उपलब्ध गराउन यस कार्यालयमा यो सूचना प्रकाशित भएको अन्तिम दिनको कार्यालय समय सम्ममा प्याकेज नम्बर खुलाएर लिखित निवेदन दिएर बोलपत्र पुस्तिका खरिद गर्न सकिनेछ।

३. जसको नाममा बोलपत्र खरिद गरिएको हो सो ही व्यक्ति वा फर्मले मात्रै वोलपत्र दाखिला गर्नु पर्नेछ।

४. ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी राख्नु पर्नेछ। धरौटी वापत रकम जिससको नाममा राष्ट्रिय वाणिज्य बैक, मन्थली शाखामा रहेको १६८०३०३००७१०१ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सहित सम्लग्न गरि शिलवन्दी बोलपत्र माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको १:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहवरमा खोलिनेछ। शिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी बोलपत्रखोल्न बाँधा पर्ने छैन।

५. शिलवन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ।

६. ठेक्काको शिलवन्दी बोलपत्र पेश गर्दा स्थायी लेखा नं. को प्रतिलिपि, फर्म वा संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

७. शिलवन्दी बोलपत्र फाराममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ। दररेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

८. माथि उल्लेखित स्थानबाट ढुङगा, गिट्टी, वालुवा उत्खनन र संकलन गर्ने र तोकिएको स्थानमा घाटगद्दी गरी नापजाँच गरी लैजाने व्यबस्था जिल्ला समन्वय समितिको निर्देशन बमोजिम हुनेछ।

९. ठेकेदारले कवोल गरेको रकम तीन किस्तामा बुझाउनु पर्नेछ। सम्झौता गर्न आँउदा प्रथम किस्ता वरावरको रकम नगदै बुझाउनु पर्नेछ बाँकी रकम वरावरको एक वर्ष म्याद भएको बैंक जमानत पत्र बुझाउनु पर्नेछ। बाँकी दुई किस्ताको रकम मध्ये २०७५ साल चैत्र महिनाभित्र दोश्रो किस्ता र जेठ महिनाको पहिलो हप्तासम्ममा तेश्रो किस्ता रकम दाखिला गर्नुपर्नेछ।

१०. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार जिल्ला समन्वय समितिमा निहित रहनेछ।

११. ठेक्का सम्झौता हुँदा ठेक अंकको पूरै रकम कार्यालयमा दाखिला गरेमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिने छ।

१२. जिल्ला अनुगमन तथा समन्वय समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१३. यस ठेक्कामा अन्य शर्तहरु एबं बन्देजहरु समेत लागु हुनेछन। सो को लागि जिससको website www.ddcramechhap.gov.np मा हेर्न सकिनेछ।

१४. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

स्थानीय विकास अधिकारी